पौवादुङमा गाउँपालिका च्याङ्ग्रे,

भोजपुर

किरण राई
अध्यक्ष

पौवादुङमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

# कर्मचारी फिल्डभत्ता कार्यविधि २०७९

कार्यपालिकाका बाट स्विकृत मिति २०७९

**कर्मचारी फील्ड सुविधा कार्यविधी, २०७९**

**स्थानीय सरकार सञ्चालन ऐन,** को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी पौवादुङमा गाउँकार्यपालिकाले यो **कर्मचारी फील्ड सुविधा कार्यविधी**, २०७९ जारी गरेको छ।

प्रस्तावनाः

यस गाउँपालिकाभित्र प्रमुख प्रशासकिय अधिकृत तथा प्राविधिक कर्मचारीहरु योजनास्थलमै जानुपर्ने गरी सञ्चालित हुने विकास योजना तथा कार्यक्रममा हुने कर्मचारी तथा प्राविधिक कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्न पौवादुङमा गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधीको नाम " कर्मचारी फील्ड सुविधा कार्यविधी,२०७९" रहेको छ ।

(ख) यो कार्यविधी गाउँकार्यपालिकाबाट स्विकृत भएपछि सो आर्थिक वर्षको शुरु मिती देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "अनुगमन टोली" भन्नाले कार्यालयले गठन गरेको अनुगमन टोली सम्झनु पर्दछ ।

(ख) योजना भन्नाले गाउँपालिकाभित्र सञ्चालित योजनाहरु बुझ्नुपर्नेछ ।

(ग) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "समिती" भन्नाले उपभोक्ता समिती भन्ने सम्झनु पर्दछ ।

(ङ) प्राविधिक कर्मचारी भन्नाले योजना हेर्ने गरी तोकिएको प्राविधिक कर्मचारी भनी सम्झनुपर्दछ।

(च) अधिकृतस्तर भन्नाले राजपत्राङ्कित दितीय र तृतीय श्रेणी तथा सहायकस्तर भन्नाले राजपत्रअनंकित कर्मचारीलाई बुझ्नुपर्नेछ।

किरण राई
अध्यक्ष

पौवादुङ्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

**६. फील्ड सुविधा**

पौवादुङ्मा गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकिय अधिकृत तथा प्राविधिक कर्मचारीहरुको फिल्डभत्ता तल उलेलेख भएबमोजिम हुनेछ ।

१. प्रमुख प्रशासकिय अधिकृत रु ८०००।

२. छैठौ तह वा अधिकृत स्तरको प्राविधिक कर्मचारीको हकमा मासिक रु ७०००। -

३. सहायकस्तर पाचौ तह वा ना सु सरहको प्राविधिक कर्मचारीलाई मासिक रु ६०००।-

३. सहायकस्तर चौथो तह वा खरिदार सरहको प्राविधिक कर्मचारीलाई मासिक रु ५०००।-

पौवादुङ्मा गाउँपालिकामा कार्यरत कर्मचारिहरुलाई फिल्डभत्ता उपलव्ध गराउँदा मासिक वा चौमासिक रुपमा बैंकखाता मार्फत उपलव्ध गराईनेछ ।

परिच्छेद-३

१८. **असल नियतले गरेका कामको वचाउ** : यस कार्यविधी बमोजिम योजना सम्पन्न गर्दा असल नियतले गरेका कामको सम्वन्धमा प्राविधिक कर्मचारी, जनप्रतिनिधी वा अनुगमन टोलीका संयोजक तथा सदस्यहरु उपर कुनै कार्वाही हुने छैन ।

१९. प्रचलित कानुन बमोजिम हुने :

(क) यस कार्यविधीमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुर्याएको मानिने छैन ।

२०. बाधा अड्काउ फुकाउ अधिकार : यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा अनुगमन टोलिको वैठकवाट निर्णयका लागि बाधा अड्काउ फुकाउ गर्न गाउँकार्यपालिकामा पठाईने छ ।

२३. **संशोधन** : यस कार्यविधीमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रहि गाउँ कार्यपालिकाको हुनेछ ।

किरण राई
अध्यक्ष

२४. **अधिकार प्रत्यायोजन**

गाउँकार्यपालिकाले यस कार्यविधीको सम्पूर्ण दफा वा कुनै निश्चित दफाको कार्यान्वयनको अधिकार राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

किरण राई
अध्यक्ष